नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
नारायणहिटी, काठमाडौं

## मौजुदा सूची दर्ता वा अद्यावधिक गराउने सम्बन्धी सूचना

यस विभागलाई आर्थिक वर्ष २०७६।७७ को लागि आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु तथा सेवा उपलब्ध गराउन ईच्छुक ईजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची दर्ता वा अद्यावधिक गर्नको लागि तपसिलमा तोकिएको कागजात सहित कार्यालय समयभित्र निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**क) खरिद तथा आपूर्ति तर्फ:**

१) स्टेशनरी तथा मसलन्द सामान
२) विभिन्न छपाई सम्बन्धि कार्य
३) कम्प्युटर, प्रिन्टर युपीएस लगागत मेशिनरी सामान
४) इलेक्ट्रोनिक र इलेक्ट्रोनिक्स सामान
५) फर्निचर तथा फर्निसिङ्
६) खानेपानी आपूर्ति, बोतल तथा जार
७) छपाई सम्बन्धि कार्य

**ख) मर्मत तर्फ:**

१) कम्प्युटर, फोटोकपी, फयाक्स, प्रिन्टर EPABX टेलिफोन लगायत मेशिनरी उपकरण
२) सवारी साधन
३) निर्माण मर्मत तथा अन्य मर्मत कार्य
४) नेटवर्किङ

**ग) परामर्श तथा अन्य सेवातर्फ:**

१) विभाग परिसर सरसफाई
२) शौचालय सरसफाई
३) बगैचा हेरचाह तथा सरसफाई
४) निर्माण कार्यको लागि ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा
५) कम्प्युटर सफ्टवेयर निर्माण
६) कुरियर सेवा
७) नेटवर्किङ् सेवा
८) वेवसाइड विकास तथा Update सम्बन्धि
९) विज्ञापन तथा सूचना प्रकाशन सम्बन्धि कार्य

दरखास्त साथ पेश गर्नुपर्ने कागजात:

१) फर्म दर्ता प्रमाणपत्र
२) स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र (मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्नेको हकमा सोको आधिकारिक कागजातको प्रमाणपत्र)
३) आर्थिक वर्ष २०७५।७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर चुक्ता गर्ने म्याद थप गरेको पत्र ।

माथि उल्लेखित सामान, सेवा, मर्मत आदि प्रत्येक कार्यको लागि विषयगत रुपमा छुट्टाछुट्टै दरखास्त दर्ता गराउनुपर्नेछ । सूचीदर्ता आर्थिक वर्ष भरि नै खुला रहनेछ । मौजुदा सूचीको विवरण अर्धवार्षिक रुपमा यस विभागको वेवसाइटमा प्रकाशित गरिनेछ । प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस विभागमा सुरक्षित हुनेछ ।